आज मिति २०८२ साल पुस २९ गते मंगलवारका दिन विहान ८:०० बजे नौमूले गाउँपालिकाका अध्यक्ष श्री छविराम सुवेदीज्यूको अध्यक्षतामा नौमूले गाउँकार्यपालिकाको कार्यालय भवनमा बसेको गाउँ कार्यपालिकाको वैठकमा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपसिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरियो ।

| सि.नं | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छविराम सुवेदी | अध्यक्ष | |
| २ | श्री गंग बहादुर शाही | उपाध्यक्ष | |
| ३ | श्री रुपेश कुमार थापा मगर | सदस्य(वडा नं. १ वडा अध्यक्ष) | |
| ४ | श्री तिलक सिङ | सदस्य(वडा नं.२का.वा वडा अध्यक्ष) | |
| ५ | श्री नर बहादुर पुरी | सदस्य(वडा नं. ३ वडा अध्यक्ष) | |
| ६ | श्री चन्द्रलाल बस्नेत | सदस्य(वडा नं. ४ वडा अध्यक्ष) | |
| ७ | श्री कृष्ण बहादुर सलामी | सदस्य(वडा नं. ५ वडा अध्यक्ष) | |
| ८ | श्री लाल बहादुर चन्द | सदस्य(वडा नं. ६ वडा अध्यक्ष) | |
| ९ | श्री टेक बहादुर सिजाली मगर | सदस्य(वडा नं. ७ वडा अध्यक्ष) | |
| १० | श्री दिपक बहादुर हमाल | सदस्य(वडा नं. ८ वडा अध्यक्ष) | |
| ११ | श्री रन वहादुर सुनार | सदस्य | |
| १२ | श्री भिम वहादुर बि.क. | सदस्य | |
| १३ | श्री देवी सिंह(शाही) | सदस्य | |
| १४ | श्री कला नेपाली | सदस्य | |
| १५ | श्री करिमा सुनार | सदस्य | |
| १६ | श्री शिपकला बस्नेत | सदस्य | |
| १७ | श्री दमन दाहाल | सदस्य सचिव(प्र.प्र.अधिकृत) | |
| आमन्त्रित/सहयोगी कर्मचारीहरु | | | |
| १ | ई. सुनील कुमार महतो | ईन्जिनियर | |
| २ | इन्दिरा इन्द्र व. उखेली | प्रशासकीय अधिकृत | |
| ३ | रवीन्द्र व. रोकाय | ले.अ. | |
| ४ | | | |

# नौमुले गाउँकार्यपालिकाका बैठकको निर्णय

बैठक मितिः-२०८२०९/२९ समयः- बिहान ८:०० बजे

स्थानः-नौमूले गाँउकार्यपालिकाको कार्यालय, दैलेख बैठक संख्याः- ६/२०८१/०८२

गाउँ कार्यपालिकाके बैठकमा पेश भएका प्रस्तावमा छलफल गरी देहाय बमोजिमको निर्णय गरिएको छ ।

**निर्णयहरुः-**

**निर्णय नं. १**

चालू आ.व. २०८२/०८३ को गाउँ सभाको हिउँदे अधिवेशन यहि मिति २०८२ साल माघ ७ गते बुधबार बिहान ११ बजे आहान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस नौमूले गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका शाखाहरु, वडा कार्यालय, स्वास्थ्य संस्था, आधारभूत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाइहरुमा आ.व. २०८२/०८३ को पौष मसान्तसम्म करार म्याद थप भई कार्यरत करार तथा ज्यालादारी कर्मचारीचारीहरुको करार सम्झौता समाप्त भएको हुँदा मिति २०८२ साल माघ १ देखि मिति २०८३ साल असार मसान्तसम्म करार म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नौमूले गाउँपालिका, गाउँ कार्यपालिकामा कार्यरत "एक गाउँ एक प्राविधिक"हरुको लागि कृषि तथा पशुपन्छी बिकास मन्त्रालयको आ.व. २०८२/०८३ मा संघीय सशर्त बितिय हस्तान्तरणमार्फत वार्षिक अवधिमा हुन आउने कुल पारिश्रमिकको ४० प्रतिशत रकममा गाउँ पालिकाको तर्फबाट ६० प्रतिशत रकम साझेदारी गरी मिति २०८२ साल कार्तिक १ देखि लागू हुने गरी भएको करार म्याद थपलाई सदर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

पञ्जिकरण अन्तरगतका २ जना फिल्ड सहायक पदमा कार्यरत कर्मचारीहरुको करार सम्झौता समाप्त भएको हुँदा संघिय बजेटबाट १ जना मात्र फिल्ड सहायकका लागि साझेदारी रकम उपलब्ध भएकोले उक्त १ जनाको रकममा गाउँपालिकाको तर्फबाट १ जना फिल्ड सहायकको रकम साझेदारी गरी १ जनाको तलब मध्यबाट २ जना फिल्ड सहायकलाई बराबर सेवा सुविधा हुने गरी मिति २०८२ साल कार्तिक १ देखि मिति २०८३ साल असार मसान्तसम्म करार म्याद थप गर्ने निर्णय गरियो । साथै MIS operator को सन्दर्भमा नयाँ नियुक्ति प्रकृया अघि बढाउन पञ्जिकरण बिभागसँग सहमतिको लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

"एक गाउँ एक प्राविधिक" अन्तर्गत नौमूले गाउँपालिका-१, दैलेख बस्ने श्री राधा कुमारी राना मगरले पेश गर्नु भएको निवेदन उपर मिति २०८१/०४/१४, चं.नं ४९ को नौमूले गाउँ पालिकाको सहमति प्रदान गरिएको पत्रानुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयले मिति २०८२/०५/२८, च.नं ३५ को पत्रानुसार कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिक व्यवस्थापन सम्बन्धमा ६ जनालाई बजेट उपलब्ध गराएको भनी जानकारी अनुरुप पालिकाले साझेदारी रकम व्यवस्थापन गरी निज राधा कुमारी राना मगरलाई यसै कार्यालयमा कृषि प्राविधिक ना.प्रा.स.चौथो तहमा
करार नियुक्ति दिने निर्णय गरियो ।

निर्णय नं. ६

सामुदायिक स्वास्थ्य इकाइमा कार्यरत अ.न.मी. र अ.हे.ब.को कार्यालय सहयोगी भन्दा कम तलब भएको निवेदन आएको हुदाँ तलब भत्ता बढाउनका लागि गाउँ सभामा सिफारिस गर्ने निर्णय गरियो । साथै करार कर्मचारीहरुलाई महङ्गी भत्ता उपलब्ध गराउनको लागि गाउँ सभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

तपसिलका अलपत्र परेका बिभिन्न योजनाहरुको हिउँदे अधिवेशनबाट बजेट व्यवस्थापन गरी ठेक्का प्रकृयाको म्याद थप गर्ने निर्णय गरियो ।

क) D.S Simrik J.V को ठेक्का नं NCB/NRM/W/04/LKCN/2081/082 को लोहोरे खोला कोरिडोर निर्माण- प्रथम पटक म्याद थप गर्ने ।

ख) SBR Engineering consultancy and Construction स्वास्थ्य चौकी भवन निर्माण, वडा नं ६-प्रथम पटक म्याद थप गर्ने ।

ग) धुलिखेल निर्माण सेवा प्रा.ली को ठेक्का नं NCB/NRM/06/NPHBCW/077/078 को निर्माणाधिन १५ शैया हस्पिटल-तेस्रो पटक म्याद थप गर्ने ।

घ) स्वास्थ्य चौकी भवन निर्माण वडा नं. १ ठेक्का नम्बर NCB/NRM/W/04/HPW1/080/081) निर्माण व्यवसायी श्री न्यू अधिकारी कन्ट्रक्सन भैरवी गाउँपालिका, दैलेखले विविध कारणले निर्माण कार्यमा ढिलाई भई उक्त कार्यको आ.व. २०८०/८१ मा ७५ प्रतिशत कार्य भइसकेकोले दोस्रो पटकका लागि म्याद थप गर्ने ।

निर्णय नं. ८

वडा नं. ४ मा आ.व. २०८१/०८२ मा निर्माणाधिन वडा कार्यालय भवन र स्वास्थ्य चौकी भवन निर्माण कार्य अपूर्ण रहेको कार्यको लागि हिउँदे अधिवेशनबाट प्राविधिक मूल्यांङ्कन बमोजिमको बजेट बिनियोजन गर्न गाउँ सभामा सिफारिस गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ९

वर्षा, विपद र चाडपर्वको समयमा आकस्मिक रुपमा गर्नु परेको Landslide clearance कार्य वापतको भुक्तानी निर्माण व्यवसायीहरुलाई Quantity को आधारमा गाउँसभाबाट विनियोजित वडागत बजेट तथा पालिकाको बजेटबाट व्यवस्थापन गरी अपुग बजेट हिउँद अधिवेशनबाट व्यवस्थापन गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १०

LISP परीयोजना मार्फत विनियोजित बजेटको ठेक्का प्रकृया भई बचेको बजेटबाट तपसिलका योजनाहरुमा निरन्तरता दिई कार्यान्वयन गर्ने निर्णय गरीयो ।

तपसिल:

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | बाँकि बजेट |
|---|---|---|---|
| १ | बाघखोर वडा कार्यालय हुँदै घरेलु तोली सडक नाला तथा ग्राभेल | नौमूले गा.पा.-१ | १५८३६८६/- |
| २ | नौमूले बाल्टार मसार मोटरबाटो स्तरोन्नती | नौमूले गा.पा.-२ | १०३४०९३/- |
| ३ | बालटार पहिरो नियन्त्रण | नौमूले गा.पा.-२ | ९०००००/- |
| ४ | सम्पूर्ण सडक मर्मत सुधार | नौमूले गा.पा.-३ | १८१९४७७/- |
| ५ | ग्रामिण सडक स्तरोन्नती | नौमूले गा.पा.-५ | १२५२१९६/- |
| ६ | मान्धारा देखि वडा कार्यालय हुदै राका खोलासम्म सडक स्तरोन्नति | नौमूले गा.पा.-६ | १२६००९९/- |
| ७ | गाठखोला डाडैंगाउँ सडक मर्मत | नौमूले गा.पा.-७ | १८३९५१९/- |
| ८ | मुल सडक स्तरोन्नती | नौमूले गा.पा.-८ | १५४१८९९/- |

निर्णय नं. ११

क) सार्वजनिक जवाफदेहिता पर्वद्धन सम्बन्धी कार्यविधि, २०८२

ख) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कार्यविधि, २०८२

ग) बेरुजु फर्छ्यौट कार्यविधि, २०८२

घ) लेखा समिति कार्यसञ्चालन कार्यविधि, २०८२ सम्बन्धी कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

बेरुजु फर्छ्यौट र सम्परीक्षणका लागि सार्वजनिक लेखा समितिलाई सहयोग र समन्वय गर्न तपसिलका कर्मचारीहरु रहने गरी समिति गठन गर्ने निर्णय गरियो ।

क) संयोजक- प्रमुख प्रशासकीय अधिकृत

ख) सदस्य- वरिष्ठ लेखा अधीकृत

ग) सदस्य-　　ईन्जिनियर

घ) सदस्य-　　लेखा अधिकृत

ङ) सदस्य-सचिव- आन्तरिक लेखा परिक्षक

निर्णय नं. १३

डाँडागाउँ खानेपानी तथा सरसफाई योजना, नौमुले गाउपालिका वडा नम्बर ७ देउली खानेपानी योजनाबाट लाभान्वित घरधुरि ६५ र जनसंख्या ३२५ रहेको हुदाँ प्रस्तावित रकम ४५ लाख मध्ये यस वर्ष २० लाख खर्च गरेर काम संचालन गर्ने र बाँकि रकम अर्को आ.व.मा भुक्तानी हुने गरी प्रकृया अघि बढाउने निर्णय गरियो।

निर्णय नं. १४,

वडा नं १ मा आ.व २०८०/०८१ मा निर्माणाधिन वडा कार्यालय भवन निर्माण कार्य अपूर्ण रहेको कार्यको लागि हिउदे अधिवेशनबाट प्राविधिक मूल्यांङ्न बमोजिमको बजेट बिनियोजन गर्न गाउँ सभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.१५

यस नौमूले गाउँपालिका वडा नं.२ मा रहेको श्री ऐश्वर्या आ.वि.भावासैनीको अधुरो भवन निर्माणका लागि आवश्यक पर्ने बजेट व्यवस्थापनका लागि हिउँदे अधिवेशनको गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१६

यस नौमूले गाउँपालिका वडा नं.२ को गोरुजुरे भावासैनी सडक पहिरोको कारण अवरुद्ध भई रहने भएकोले वैकल्पिक सडक निर्माणका लागि आवश्यक पर्ने बजेट व्यवस्थापनका लागि हिउँदे अधिवेशनको गाउँ सभमा पेश गर्ने निर्णय गरियो ।